मार्च ०४, २०२२ मा अध्यक्ष बुद्दि सागर सुबेदीको अध्यक्षतामा तपसिलमा उपस्थित सदस्यहरुको उपस्थितिमा जुम मार्फत आकस्मिक बैठक बसी तल उल्लेख गरिएका प्रस्तावहरु उपर छलफल गर्दै निर्णय गरेर सम्पन्न भयो।

| उपस्थिति | | | |
|---|---|---|---|
| क्र.सं. | नाम,थर | पद | उपस्थिति |
| १ | बुद्दि सागर सुबेदी | अध्यक्ष | उपस्थित |
| २ | कृष्ण जीवि पन्त | बरिष्ठ उपाध्यक्ष | उपस्थित |
| ३ | सुमन थापा | उपाध्यक्ष | उपस्थित |
| ४ | गोपेन्द्र राज भट्टराई | उपाध्यक्ष | उपस्थित |
| ५ | डिलुराज पराजुली | उपाध्यक्ष | उपस्थित |
| ६ | बिकाश उप्रेती | उपाध्यक्ष | उपस्थित |
| ७ | दिक्षा बस्नेत | महिला उपाध्यक्ष | उपस्थित |
| ८ | अन्जन कुमार चौलागाईं | महासचिव | उपस्थित |
| ९ | अनुप खनाल | सचिव | उपस्थित |
| १० | सुनिता कंडेल | महिला सचिव | उपस्थित |
| ११ | राजीव श्रेष्ठ | कोषाध्यक्ष | उपस्थित |
| १२ | अग्नि ढकाल | सह-कोषाध्यक्ष | अनुपस्थित |
| १३ | तोया दाहाल | प्रवक्ता | उपस्थित |
| १४ | सुन्दरी गुरुङ | महिला संयोजक | उपस्थित |
| १५ | त्रिभुवन पाण्डे | युवा संयोजक | उपस्थित |
| १६ | बिशाल राना | बोर्ड सदस्य | उपस्थित |
| १७ | प्रकाश श्रेष्ठ | बोर्ड सदस्य | उपस्थित |
| १८ | बाला घिमिरे | बोर्ड सदस्य | अनुपस्थित |

| | | | |
|---|---|---|---|
| १९ | डोलनाथ घिमिरे | बोर्ड सदस्य | उपस्थित |
| २० | प्रभात राज सापकोटा | बोर्ड सदस्य | उपस्थित |
| २१ | ज्ञानेन्द्र गुरुङ | बोर्ड सदस्य | उपस्थित |
| २२ | सन्तोष पहारी | बोर्ड सदस्य | अनुपस्थित |
| २३ | आशिष संग्रौला | बोर्ड सदस्य | उपस्थित |
| २४ | शान्ती वाग्ले पौड्याल | बोर्ड सदस्य | उपस्थित |
| २५ | बिश्वराज बास्तोला | बोर्ड सदस्य | उपस्थित |
| २६ | दुर्गेश जंग कार्की | बोर्ड सदस्य | उपस्थित |
| २७ | राज ढुंगाना | बोर्ड सदस्य | उपस्थित |
| २८ | किरण बस्नेत | क्षत्रीय संयोजक - मध्य पश्चिम | उपस्थित |
| २९ | सम्बर बहादुर बुढाथोकी | क्षत्रीय संयोजक -उत्तर | उपस्थित |
| ३० | श्रीराम थापा | क्षत्रीय संयोजक - पश्चिम | उपस्थित |
| ३१ | बादल भुजेल | क्षत्रीय संयोजक -दक्षिण | अनुपस्थित |

**प्रस्तावहरु** :

१) एनआरएनको सदस्यता शुल्क बुझाउने पत्रको सम्बन्धमा।

२) बिबिध

**निर्णयहरु** :

प्रस्ताव नम्बर १ उपर छलफल गर्दा गैर आवासीय नेपाली संघ, राष्ट्रिय समन्वय परिषद अमेरीकाका सदस्यहरुलाई गैर आवासीय नेपाली संघ, आईसीसीबाट अध्यक्ष बुद्दी सागर सुबेदीलाई सम्बोधन गर्दै पन्जिक्रित सदस्यहरुबाट प्राप्त शुल्कको बारेमा पठाइएको पत्र माथी छलफल गर्दा आईसीसीले अमेरिकाका साधारण सदस्यहरुलाई व्यक्तिगत गोपनियताको रुपमा रहेको इमेलमा कुन माध्यमबाट इमेल आईडी प्राप्त गरी इमेल पठाएको हो सो सम्बन्धमा छानविन गरी व्यक्तिगत गोपनियता भंग भए नभएको बुझ्ने कार्य अगाडी बढाउनु पर्ने मत सदस्यहरुबाट उठेको थियो।

आईसीसीमा बिधी, बिधान र प्रकृया पुर्याएर एनसीसीले सदस्यता शुल्क बापतको रकम पठाउनुपर्ने कुरामा सम्पूर्ण सदस्यहरुको सहमति रह्यो।

गैर आवासीय नेपाली संघ, राष्ट्रिय समन्वय परिषद अमेरीकाले आफ्नो भवन खरिद गर्नको लागि पन्जिक्रित सदस्यता शुल्क बापत आईसीसीलाई प्रती सदस्य बुझाउनु पर्ने ५ डलर भवन खरिद प्रयोजनको लागि प्रयोग गर्नको लागि

आईसीसीमा अनुरोध गरिएको थियो । एनसीसीले सदस्यता शुल्क मिनाहाको सम्बन्धमा गरेको पत्राचारको बिषयमा हालसम्म आईईएस/आईसीसीको बैठकमा सो बिषय माथि  छलफल भै सो को आधिकारिक जवाफ प्राप्त नभएकोमा जिज्ञासा राख्नु भएको थियो ।

आईसीसीलाई राष्ट्रीय समन्वय परिषदले सदस्यता शुल्क बिधि बिधान र प्रकृया पुरा गरेर कसरी पठाउन सकिन्छ भन्ने बिषयमा छलफल भयो। अमेरिकामा बिधि पुर्वक दर्ता भएको संस्थाले अमेरिका बाहिर रकम पठाउदा आईआरएस द्वारा निर्धारित मापदण्ड पुरा गरेर रकम पठाउनुपर्ने धारणा सबैले राख्नुभयो।

आईसीसीले पठाएका प्रतिनिधिहरुको सूचीलाई आफ़ुखुशि परिवर्तन गर्ने, पटक-पटक राष्ट्रिय समन्वय परिषदसंग समन्वय नगरी प्रतिनिधि फेरेको पाइएको हुँदा राष्ट्रिय समन्वय परिषदले गरेका निर्णयहरुलाई मान्यता दिनु पर्ने धारणा बहुमतले राख्नु भयो ।

गैर आवासीय नेपाली संघ, रास्ट्रीय समन्वय परिषद अमेरीकाको विधानको Article V: INSTITUTIONAL AFFILIATION को clause 28 d II अन्तर्गत आईसीसीलाई रकम पठाउदा एनसीसीलाई दिनु पर्ने PO, invoice, W-8 BEN र नेपाल सरकारबाट आईसीसी गैर-नाफा मुलक संस्था हो भनि प्रमाणित कागजात एनसीसी अमेरिकाको अडिट प्रकृयाको लागि आबश्यक पर्ने भएको हुँदा उपलब्ध गराउन पटक-पटक अनुरोध गरिएको, राष्ट्रीय समन्वय परिषदलेआबश्यक कागजातहरु माग गर्दै पठाएका पत्रहरुको समयमा जवाफ नपठाउने, अमेरिकी कानुन र संस्थाको बिधान मुताविक रकम पठाउनको लागि आबश्यक कागजात माग्दा हालसम्म प्राप्त गर्न नसकिएको  कोषाध्यक्ष राजीव श्रेष्ठले जानकारी गराउनु भयो।

बिगतमा आबश्यक कागजात माग गर्दा प्राप्त नभएको हुँदा आईसीसीमा बिधानत रकम पठाउन आबश्यक पर्ने कागजातहरु PO, invoice, W-8 BEN र नेपाल सरकारबाट आईसीसी गैर-नाफा मुलक संस्था हो भनि नेपाल सरकारको सम्बन्धित निकायबाट प्रमाणित कागजात तुरुन्त उपलब्ध गराउनको लागि पत्राचार गर्ने समेत निर्णय गरियो।

बर्तमान समयमा एनसीसीले पठाएका प्रतिनिधिको नामावलीलाई आईसीसीले आफूखुशी परिवर्तन गर्ने बिषय तथा  आइसीसीले पठाएको पत्रसँगै उब्जिएका सवै विषयलाई दुई महिना भित्रमा आबश्यक गृहकार्य कार्यगरी ठोस समाधान सिफारिश गर्नको लागि महासिचिव अन्जन कुमार चौलागाईंको संयोजकत्वमा, सचिव अनुप खनाल, कोषाध्यक्ष राजीव श्रेष्ठ, प्रवक्ता तोया दाहाल र युवा संयोजक त्रिभुवन पाण्डे रहेको ५ सदस्य समिति निर्माण गर्ने निर्णय गरियो। सो समितिलाई आईसिसिलाई बुझाउनुपर्ने सदस्यता शुल्कको बिषयलाई विधि विधान सम्मत ढंगले टुंग्याउन आइसीसीसँग वार्ता गरी यथासम्भव चाडो समाधान गर्न सम्पूर्ण अधिकार प्रदान गर्ने निर्णय गरियो । सो समितिले डाटाको  संवन्धमा छानविन गरी दुई महिना भित्रमा कार्य समितिलाई   सुझाव दिने समेत निर्णय गरियो।

एन सि सि को बिधान तथा आईसिसिको मौजुदा बिधान अनुसार समेत सदस्यता शुल्क बापतको रकम पठाउनु पर्ने निस्चित समय सिमा नतोकिएको हुँदा सदस्यता शुल्कको बिषयमा आईसिसिसँग पत्राचार भै रहेको समयमा एनसिसिलाई

खारेज गर्ने गरी पठाएको पत्र आँफैमा अपरिपक्व रहेको छ । अपरिपक्व पत्राचारको सम्बन्धमा बहुमत सदस्यहरुले खेद प्रकट गर्नुभयो ।

प्रस्ताव नम्बर २ को बिबिध उपर छलफल गर्दा अन्य बिषय नभएको हुँदा बैठक सम्पन्न भएको घोषणा गरियो ।

अन्जन चौलागाईं
महासचिव
गैर आवासीय नेपाली संघ
राष्ट्रिय समन्वय परिषद, अमेरिका

NRNA NCC-USA Non-Resident Nepali Association
"Once a Nepali Always a Nepali"